




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १३ गते सोमबार ❑ 26 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## सार्वजनिक कार्यक्रम नगर्न तथा सहभागी नहुन सरकारको आग्रह

**रासस**
**काठमाडौं, १२ बैशाख**

सरकारले सार्वजनिक समारोह र सार्वजनिकस्थलमा कार्यक्रम नगर्न तथा नगराउन तथा सहभागी नहुन आग्रह गरेको छ।

सबै व्यक्तिलाई सामाजिक उत्तरदायित्व निर्वाह गरी संवेदनशील बनिदिनुहुन तथा सार्वजनिकस्थलमा कुनै गतिविधि भए खबरदारीसहित कारबाहीको दायरामा ल्याउन आग्रह गरिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार एक सूचनामार्फत व्यक्ति व्यक्तिबाट गर्न सक्ने भूमिकाबाट कसैलाई पनि विचलित हुन नदिन र खबरदारी गर्न अनुरोध गरेको छ।

मन्त्रालयले आमसञ्चारमा समाचार पढ्दा, अन्तर्वार्ता लिँदा वा कुनै पनि कार्यक्रमका समाचार बनाउँदा मास्कको अनिवार्य प्रयोग गर्न, मास्कको प्रयोग नगर्ने व्यक्तिका समाचार वा सूचनालाई निरत्साहित गर्न मन्त्रालयले आग्रह गरेको छ।

मन्त्रालयले विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ ले हाल छिमेकी देशमा स्वास्थ्य सेवा प्रवाह प्रणाली तहसनहस पारी नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन र सङ्क्रमितलाई अस्पतालमा राखेर हेरचाह गर्न नसकिएको सन्दर्भ पेश गर्दै सबैलाई भौतिक दूरी कायम गर्न र हातको सरसफाइमा ध्यान दिन भनेको छ । पछिल्लो सङ्क्रमण सबै वर्ग र उमेर समूहका लागि अत्यन्तै जोखिमपूर्ण रहेको र हालसम्म कोभिडको उपचार गर्न सक्ने कुनै पनि औषधि वा उपाय चिकित्सा विज्ञानले विकास गर्न नसकेको अवस्थामा आफूले अरु सबैलाई सङ्क्रमणको आशङ्का राखेर मास्क लगाउने, भौतिक दूरी कायम राख्ने एवं हातको सफाइमा ध्यान दिन जरुरी रहेको उल्लेख गरेको छ।

मन्त्रालयले सूचनामा भनेको छ, 'आज जुन दुःखद दृश्य स्वास्थ्यकर्मीले दैनिक रुपमा देखिरहेका छन्, त्यो कसैको पनि परिवार आफन्तमा नघटोस् भन्नका लागि हामी सबैले सङ्क्रमणको फैलावटलाई रोक्ने गरी जिम्मेवार बन्न र बनाउन अत्यावश्यक छ।'

## सुरक्षित रहँदै व्यवसाय गर्न पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**

पोखरा उद्योग वाणिज्य संघले स्वास्थ्य सुरक्षाका सम्पूर्ण प्रबन्धसहित व्यापार व्यवसाय संचालन गन 'व्यवसायीहरुसँग आग्रह गरको छ।

कोभिड-१९ को दोस्रो लहरले जनजीवन असहज बनेको बेला संघले दैनिक उपभोग्यबस्तुको सहज आपूर्ति गर्न तथा ढुवानी कार्यलाई पारदर्शी, सरल र प्रभावकारी बनाउन तथा आम उपभोक्ता तथा नागरिकहरुसँग सामान किनमेल गर्दा आवश्यक दूरी कायम गर्न, अनावश्यक भीडभाड नगर्न एवं अनिवार्य रुपमा माक्सको प्रयोग गर्नका लागि हार्दिक अनुरोध पनि गरेको छ । संघका महासचिव सुरेन्द्रमान बिजुक्छेद्धारा आइतबार जारी विज्ञप्तिमा कोभिड-१९ को दोस्रो लहरले ल्याएको विपत्तिवाट नागरिकलाई जोगाउन स्वास्थ्य सुरक्षाको यथोचित प्रबन्ध गर्न र सरकारबाट प्रदान हुने स्वास्थ्य सेवाप्रति जनतालाई आश्वस्त बनाउन तीनवटै सरकार तथा सरोकारवाला निकायहरुसँग जोडदारमाग पनि गरिएको छ।

संघले उद्योग/व्यवसायमा फर्कदै गर्दा पुनः 'मिनि लकडाउन'को अवस्था आउनु निजी क्षेत्रको लागि दुर्भाग्यपूर्ण अवस्था भएको ठहर गरेको छ । 'सरकारवाट घोषित राहतका प्याकेजको पर्खाइको क्षणमा आएको यो विपत्तिले हामीलाई कहाँ पुऱ्याउँछ, थाहा छैन तर कोभिडको दोस्रो लहर भित्रिएको पुष्टि भैसकेको वर्तमान अवस्थामा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले तोकेका मापदण्ड पालना गर्नु हामी सबैको दायित्व र कर्तव्य हो',विज्ञप्तिमा भनिएको छ,' फेरि लकडाउनहुनु भनेको कोमामा पुगेको व्यापार व्यवसायपूर्ण रुपमा बन्द हुनु हो।

हामीलाई ढोका बन्द गरेर बस्ने छुट छैन र हुँदैन पनि ।' विज्ञप्तिमा संकटको वेला उद्योगी / व्यवसायीमाथी दायित्व थपिने उल्लेख गर्दै सुरक्षित रहँदै बजारलाई गतिशिल बनाउने तथा एक वर्ष थलिएर ऋणात्मक बनेको अर्थतन्त्रलाई उकास्ने सरकारी निति अनुरुप तयार हुनु पनि निजी क्षेत्रको कर्तव्य भएको उल्लेख गरिएको छ।

## मुख्यमन्त्री गुरुङद्वारा भूकम्प स्मरण दिवसको सन्देश

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सम्भावित विपद् का बारेमा सामुदायिक सचेतनाका साथै पूर्वतयारी र चुस्त व्यवस्थापन भए मात्र विपद्लाई सफलतापूर्वक सामना गर्न प्रभावकारी प्रतिकार्य गर्न सकिने बताएका छन्।

भूकम्प स्मृति दिवसका अवसरमा आइतबार जारी सन्देशमा उनले गण्डकी प्रदेशअन्तर्गत गोरखा जिल्लाको बारपाकलाई केन्द्रविन्दु बनाएर २०७२ साल वैशाख १२ गते बिहान ११:५६ बजे गएको भूकम्पका र त्यसपछिका पराकम्पका कारण देशले ठूलो जनधनको क्षति बेहोर्नुपरेको उल्लेख गरेका हुन्। उक्त कहालिलाग्दो दिन र त्यसपश्चात् सिर्जना भएको भयावह अवस्थाको दुःखका साथ स्मरण गर्दै भूकम्पमा परी आफ्नो अमूल्य जीवन गुमाउनुभएका सबैप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँले परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै घाइते तथा अङ्गभङ्ग भई हालसम्म पनि समस्यामा रहनुभएकाहरुको सहज जीवनको कामना गरेका छन् । भूकम्पपछि सिङ्गो देश उच्च आत्मबल र धैर्यता बटुलेर एकापसमा सहकार्य र सहयोगको भावनाका साथ उद्धार, राहत र पुनःनिर्माणको अभियानमा जुटेको इतिहास स्मरण गर्दै मुख्यमन्त्री गुरुङले सन्देशमा सङ्कटका अवस्थामा एकजुट हुने हाम्रो असल परम्परालाई निरन्तर कायम राख्नु आजको दिनले सबैलाई उच्च प्रेरण प्रदान गर्न सकोस् भन्ने कामना व्यक्त गरेका छन् । भूकम्प पछिको राहत, उद्धार, पुनःर्निर्माण तथा पुनःस्थापनाका सिकाइले सुरक्षित नेपालको अभियानलाई अघि बढाउन र भविष्यमा विपद् बाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न थप सहयोग पुऱ्याउने छ भन्ने विश्वाससमेत लिएको सन्देशमा उल्लेख छ। यतिबेला विश्व मानव जातिकै अस्तित्वका लागि चुनौती बनेको कोभिड-१९ को दोस्रो लहरको संक्रमण बढिरहेको सन्दर्भमा सम्पूर्ण सरोकारवाला निकायहरु यसको रोकथाम, नियन्त्रण र उपचारमा पूर्ण क्षमता र धैर्यताका साथ लाग्नुहुन अनुरोध गर्दै मुख्यमन्त्री गुरुङले सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हेलचक्र्याइँ नगरी स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्णरुपमा पालना गरी सतर्कता अपनाउनु हुनसमेत अपिल गरेका छन्।

## कोभिडविरुद्ध एकताबद्ध हुन प्रमको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**

प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कोभिड-१९ विरुद्ध एकताबद्ध भएर खट्न सम्पूर्ण पार्टी कमिटीलाई निर्देशन दिएका छन्।

एमाले दशौँ राष्ट्रिय महाधिवेशनआयोजककमिटीको बालुवाटारमा आइतबार बसेको तेस्रो बैठकमा उनले कोभिड-१९ विरुद्ध सबै पार्टी पङ्क्ति एक ढिक्का भएर परिचालित हुन आग्रह गरे। "कोभिड- १९ विरुद्ध लड्नका लागि स्थानीय तह र जिल्लालाई सिङ्गो परिचालन गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ, एक ढिक्का भएर कोभिडविरुद्ध लड्नका लागि सक्रिय रहन आग्रह गर्नुभयो", बैठकपछि पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । सरकारले पनि आफ्नो स्थानबाट अधिकतम प्रयास गरिरहेको जानकारी दिँदै कोरोनाको नयाँ भेरियन्टका कारण उत्पन्न हुन सक्ने परिस्थितिको सामना गर्न पार्टी पङ्क्ति सक्रिय हुन र जिल्लाजिल्लामा आवश्यक तयारी गर्न प्रधानमन्त्रीले निर्देशन दिएको परराष्ट्रमन्त्री ज्ञवालीले बताए । शनिबार साँझ प्रधानमन्त्रीका उपस्थितिमा बसेको कोभिड क्राइसिस म्यानेजमेन्ट विस्तारित बैठकमा निकालिएको निष्कर्षका बारेमा आइतबार जानकारी दिइएको बताउँदै प्रवक्ता ज्ञवालीले पछिल्लो समय असाध्यै धेरै सङ्क्रमण फैलिने कोभिड -१९ को नयाँ भेरियन्ट देखिएको र त्यसका लागि निकै अक्सिजनको आवश्यकता पर्ने भएकाले नयाँ सिलिण्डर व्यवस्था गर्ने, खोपलाई विस्तार गर्नेलगायत विषयमा पनि छलफल भएको बताए।

संक्रमणबाट बच्न पूर्णरुपमा बन्दाबन्दी गर्ने सोच नभएको जनाउँदै मन्त्री ज्ञवालीले भने, "सकभर जनजीविकामा प्रतिकूल असर पर्ने गरी बन्दाबन्दी गर्ने तयारी छैन, लकडाउन आफैँमा अन्तिम समाधान होइन, त्यसैले जनतालाई स्वास्थ्य मापदण्ड पालना गराई मुलुकभर कोभिड महामारीको सामना गर्ने तयारी सरकारको छ।"

## कोरोनाबाट भारतमा २० सहित २३ नेपालीको मृत्यु

**रासस**
**काठमाडौं, १२ बैशाख**

यो साता भारतमा २० सहित विदेशस्थित २३ जनाको नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार भारतलगायत विभिन्न मुलुकमा बढ्दै गएको कोरोना भाइरस महामारीको प्रकोपका कारण मृत्युदर बढेको हो।

गैरआवासीय नेपाली संघको स्वास्थ्य समितिका अनुसार यो साता भारतमा २०, कुवेतमा दुई र कतारमा एकजना नेपालीको कोरोनाका कारण निधन भएको हो। भारतको नयाँ दिल्लीमा कार्यरत स्वास्थ्य समितिका सदस्यसमेत रहेका अल इन्डिया इस्न्टिच्युट अफ मेडिकल साइन्समा कार्यरत डा सागर पौडेलका अनुसार भारतको नयाँ दिल्लीमा १० र भारतका अन्य क्षेत्रमा थप १० गरी कूल २० जना नेपालीको निधन भएको हो । निधन हुनेमा अधिकांश ५० वर्षभन्दा मुनिका रहेका छन् । योसँगै हालसम्म विश्वका विभिन्न २१ मुलुकमा संक्रमणका कारण ३७२ जना नेपालीको निधन भएको छ । हालसम्म मृत्यु भएकामध्ये २४५ जना मध्यपूर्वका रहेका छन्।

अहिलेसम्म विश्वका ५४ मुलुकमा कोभिड-१९ का कारण संक्रमित हुने नेपालीको संख्या ६८ हजार ५०६ जना पुगेको छ। कूल संक्रमितमध्ये ९४ दशमलव ६ प्रतिशत अर्थात् ६४ हजार ७४४ जना संक्रमणमुक्त भएका छन्। यो साता भारत, कुवेत, कतार, युएई, रोमनिया, रुस, फिनल्यान्ड, डेनमार्क, चेक रिपब्लिक, पोल्यान्ड रहेका नेपालीमा थप कोरोना भाइरसको संक्रमण देखिएको गैरआवासीय नेपाली संघ, कोभिड-१९' उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए।

नेपालमा हालसम्म दुई लाख ९७ हजार ८७ जना संक्रमित पुगेकामा ९३ दशमलव तीन प्रतिशत अर्थात् दुई लाख ७७ हजार १२३ जना संक्रमणमुक्त भएका छन् । संक्रमणका कारण शनिबार साँझसम्म तीन हजार १३६ जनाको निधन भएको छ।

## इजरायली राजदूत कृषकको बाख्रा फार्ममा

**पोखरापत्र संवाददाता**
**दमौली, १२ बैशाख**

नेपालका लागि इजरायली राजदूत हनन गोडरले तनहुँको भिमाद नगरपालिका-९ पाथर्दीमा एक युवा कृषकको बाख्रा फार्म अवलोकन गरेका छन्।

केहीवर्षदेखिव्यावसायिकरूपमा बाख्रापालन गर्दै आउनुभएका शिवकुमार आलेको बाख्रा फार्म अवलोकनका लागि इजरायली राजदूत शनिबार तनहुँ आइपुग्नुभएको हो । बाख्रा फार्म अवलोकनपछि राजदूत गोडरले आलेको बाख्रापालन व्यवसायबाट आफू प्रभावित भएको बताए । युवाहरूले कृषिमार्फत नेपाललाई कसरी परिवर्तन गर्दैछन् भन्नेबारेमा प्रत्यक्ष अवलोकन गर्न पाएको बताउँदै उनले भने, "एउटा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विवेकशील साझा पार्टीको पोखरा महानगर- ६, लेकसाइडमा वडा समिति घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**

विवेकशील साझा पार्टीले पोखरा महानगर ६, लेकसाइडमा वडा समिति घोषणा गरेको छ।

आइतबार लेकसाइडमा आयोजित एक भेलाले वडा समितिको संयोजकमा चन्द्रप्रसाद पौडेललाई चयन गरेको छ। ट्रेकिङ्ग इक्युपमेन्ट सप एसोसिएन अर्थात् टेसा पोखराका पूर्व अध्यक्ष पौडेल बैदाम क्षेत्रका पुराना पर्यटन व्यवसायी हुन्।



विवेकशील साझा पार्टी पोखरा महानगरका संयोजक अजय श्रेष्ठको संयोजकत्वमा आयोजित भेलाले २४ सदस्यीय वडासमिति गठन गरेको छ जसको सदस्यहरूमा कुन्दन भट्टराई, दीपक भट्टराई, चेतन अधिकारी, यशोदा परियार, माया श्रेष्ठ, बिमला श्रेष्ठ, सुमन शर्मा, जितेन बोगटी, केबी लामा, उमेश श्रेष्ठ, नुमेस सिटौला, हुमादत्त रेग्मी, दामोदर पराजुली, प्रदीप खरेल, अभिनय उदास, बसन्त श्रेष्ठ, इनोक लामिछाने, सुशील भट्टराई, राजेश सुनुवार, कृष्ण पहारी, बिबि थापा, यमनारायण श्रेष्ठ र राजबहादुर खड्का रहेका छन्।

कार्यक्रममा विविवेकशील साझा पार्टीका सचिवालय सदस्य तथा गण्डकी प्रदेश संयोजक महेश भण्डारीले पार्टी पिँधबाट बन्छ, टुप्पोबाट होइन भन्दै गाउँ गाउँमा बस्ती बस्तीमा वैकल्पिक राजनीतिको विचार सङ्गठन र अभियानमार्फत फैलाउने जिम्मेवारी युवाको काँधमा आएको बताए। सो अवसरमा पोखरा ६ वडा समिति संयोजक पौडेलले पार्टीले लिएको 'उद्यमशीलतासहितको राजनीति' भन्ने सिद्धान्तलाई पर्यटकीय क्षेत्र बैदामका हरेका व्यवसायी र मजदुरमाझ लैजाने प्रतिबद्धता व्यक्त गरे । नवघोषित वडा समितिको तर्फबाट मन्तव्य राख्दै नवघोषित वडा समिति सदस्य कुन्दन भट्टराईले पार्टीको युवामैत्री विचार, व्यवहार र अभियानले आँफू अकार्षित भएको बताए । कार्यक्रममा अतिथिको तर्फबाट मन्तव्य राख्दै पर्यटन व्यवसायी सन्तोष पोखरेलले विवेकशील साझा पार्टीको पार्टीको सिद्धान्तमात्रै होइन नेतृत्व पनि सही रहेको बताउँदै नवघोषित वडा समितिलाई शुभकामना दिए। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेश सहसंयोजक जमुना शर्मा, केन्द्रीय सदस्य श्रीकृष्ण श्रेष्ठ, नारायण खनाल, सुशीला केसी अधिकारी, रजनी केसी, पवित्रा थापा, कास्की संयोजक फणिन्द्र अधिकारी, कास्कीका पूर्व संयोजक एकराज न्यौपाने, पोखरा महानगरका पूर्व संयोजक मनकाजी गुरुङ्ग, पोखरा महानगर सहसंयोजक बिपना कुँवर, महानगर सदस्य युनिक पौडेल लगायतका नेताहरुले नवघोषित कार्यसमितिलाई शुभकामना सन्देश दिएका थिए । पार्टीका पोखरा महानगर संयोजक अजय श्रेष्ठले महानगरका अन्य वडामा पनि सङ्गठन निर्माणको तयारी गरिएको जानकारी दिए।




# आनन्दित गृह नेपालको ज्येष्ठ नागरिक आधारभूत स्याहारकर्ता तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**



आनन्दित गृह नेपाल पोखराले आयोजना गरेको ४ दिने जेष्ठ नागरिक स्याहारकर्ता आधार भूत तालिम आइतबार सम्पन्न भएको छ।

बृद्ध बृद्धाको हेरचारमा सहज होस भनेर पोखराको माटेपानीमा रहेको आनन्दित गृह नेपालले बृद्ध आश्रममा कार्यरत २३ जनालाई स्याहारकर्ता आधारभूत तालिम दिएको हो । उमेर पुगेका बृद्धहरुले एक्लो महसुस गर्न नपरोस भनेर नेपालका विभिन्न स्थानमा बृद्ध आश्रमहरु खुलेका छन् ।

आश्रमहरु खुलेको भए पनि त्यहाँ कार्यरत सहयोगीहरु दक्ष नहुदाँ बृद्ध बृद्धाहरुले राम्रो सेवा पाएका छैन । सोही कुरालाई मध्यनजर गरेर आनन्दित गृह नेपालले आश्रममा कार्यरत सहयोगीहरुलाई तालिमको व्यवस्थापन गरेको आनन्दित गृह नेपाल हेप्पी होमका अध्यक्ष डा.यज्ञमान शाक्यले बताउनु भयो ।

वैशाख ९ गते विहिबार बाट संचालन भएको सो तालिम वैशाख १२ गते आतबार सम्पन्न भएको थियो । ज्येष्ठ नागरिक स्याहार प्रकृयामा सकारात्मक परिवर्तन ल्याई आमा बुवाहरुको मनो सामाजिक स्वास्थ्य प्रवर्धन गर्न यस्ता तालिमले निकै ठुलो सहयोग पुग्ने हुनाले यस्तो तालिम समय समयमा भई रहनपर्ने हेप्पी होमका सहभागीहरुले बताए ।

पछिल्लो समय बृद्ध भएका आमा बाबुहरु आफ्नै परिवारबाट घर निकालामा परेको खबरहरु बाहिर आई छन् । यस्ता समस्यामा परेका ज्येष्ठ नागरिकहरुलाई आश्रमहरुले आश्रय दिई रहेको छ । कार्यक्रममा कास्कीको पोखरा बृद्धाश्रम,वात्सायायन बृद्धाश्रम,हरिहर गुफा बृद्धाश्रम,आनन्दित गृह नेपाल,मानव सेवा आश्रम र पर्वतको अलकापुर सेवा केन्द्र बाट तालिममा सहभागी भएका थिए ।

सो आधारभूत कार्यक्रममा ज्येष्ठ नागरिकमा मुख्य स्वास्थ्य समस्या र त्यसको समाधान विषयक बारे रोमा शाक्य र विद्या बास्तोला, बृद्ध अवस्थामा आईपर्ने मानसिक स्वास्थ्य र समाधान बारे डा.लिपा वैद्य,ज्येष्ठ नागरिकमा आईपर्ने आकस्मिक अवस्था तथा व्यवस्थापन बारे डा.पदम खड्का, संचारका शिपहरु बोल्ने कला बारे शुष्मा पौडेल, ज्येष्ठ नागरिकको पोषिलो तथा स्वास्थ्यकर खाना स्याहारकर्ताहरुको जिम्मेवारी बारे डाइडिसियन विद्या कायस्थ,ज्येष्ठ नागरिकहरुमा कोरोनाको असर बारे जनस्वास्थ्य कास्कीका फोकल पर्सन नर बहादुर सारु,तनाव व्यवस्थापन र आमा बुवा र स्यहारकर्ताको भूमिका बारे मनिषा गुरुङ र सम्झना आचार्यले सहजीकरण गरेका थिए ।

सो कार्यक्रमको लागि सामाजिक मन्त्रालयको तर्फ बाट स्वास्थ्य कार्यालय कास्की बाट १ लाख १९ हजार दिवा सेवाको लागि सहयोग गरेको सो रकम बाट नै खर्च व्यवस्थापन गरेको हेप्पीहोमका सचिव रोमा शाक्यले बताउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि ज्येष्ठ नागरिक महासंघ गण्डकी प्रदेशका अध्यक्ष कुशुम केशव पराजुलीले सरकारले ज्येष्ठ नागरिकको लागि छुट्टै अस्पताल खोल्न पर्ने बताउनु भयो ।

आनन्दित गृह नेपालका उपाध्यक्ष डा.पदम खड्काको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा अतिथि पोखरा १२ का वडा अध्यक्ष राम बहादुर कार्की,स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बाबुराम आचार्य,आनन्दित गृह नेपालका विशिष्ठ सदस्य भिम लाल लामिछाने र सहभागिको तर्फ बाट रामजी प्रसाद पौडेल,मदन बहादुर थापा,युवराज वाग्ले र कुमारी कुमालले मन्तव्य राखेका थिए ।

# रेडियो अन्नपूर्णको २० औं वार्षिकत्सव सम्पन्न, रेडियोकर्मी सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**



रेडियो अन्नपूर्णको २० औं वार्षिकत्सव सम्पन्न भएको छ । आइतबार रेडियो परिसरमा शुभकामना आदानप्रदान सहित वार्षिकत्सव कार्यक्रम मनाइयो ।

रेडियो अन्नपूर्णले वर्षभरि आयोजना गरेको विभिन्न कार्यक्रमका संयोजकहरुलाई प्रशंसा पत्र सहित सम्मान गरेको छ। सम्मानित हुनेहरुमा नयाँ पुस्तामा नारायण गोपाल कार्यक्रमका संयोजक सन्तोष बस्याल, १९ औं वृहत रक्तदान कार्यक्रमका संयोजक दिननाथ बराल र नयाँ वर्षमा मुक्तक कार्यक्रमका संयोजक कृष्ण देवकोटा रहेका छन् ।

सोही अवसरमा १९ औं वृहत रक्तदान कार्यक्रममा उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै रेडियो अन्नपूर्णकर्मी शोभा नेपाल र सबिन रेग्मीलाई मायाको चिनो सहित सम्मान गरिएको छ । यस्तै कार्यक्रममा रेडियो अन्नपूर्णकर्मीहरु नेपाल पत्रकार महासंघका नवनिर्वाचित केन्द्रिय सदस्य सरिता तिम्लिसिना पंगेनी, गण्डकी प्रदेश परिषद सदस्य दिननाथ बराल, जिल्ला खेलकुद विकास समिति कास्कीका कोषाध्यक्ष कन्चन थापा कोइरालालाई बधाई ज्ञापन गरिएको छ। सोही अवसरमा रेडियोका वरिष्ठ प्रस्तोता आर्जुबिष्ट सल्यानीलाई रेडियो कार्यक्रमको उत्पादक तथा अनलाईन अन्नपूर्ण न्यूज डटकमको जिम्मेबारी सुम्पिएको छ । विष्टले रेडियो अन्नपूर्णको इतिहासलाई स्मरण गर्दै आफुलाई दिएको जिम्मेबारीलाई समाज रुपान्तरणका लागि प्रयोग गर्ने बताए । रेडियो र अनलाइनलाई अझ प्रभावकारी ढंगले संचालन गर्नेमा उनी प्रतिबद्ध छन् । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले रेडियोको गरिमालाई यहाँ सम्म पुर्याउन कर्मचारीको भूमिका अब्बल रहेको बताए । उनले भावी समयमा आफुहरु मल्टीमिडियामा जाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

रेडियोका प्रबन्ध निर्देशक सुनयना पालिखेले रेडियोले विगतका वर्षमा गरेका सामाजिक कामहरुको विषयमा जानकारी गराउँदै आगामी दिनमा पनि सो कार्यलाई निरन्तरता दिने बताइन् । रेडियोका स्टेशन म्यानेजर संजय मल्लले रेडियो अन्नपूर्णको साग उच्च राख्ने गरी नयाँ कार्यक्रम थप्ने बताए । पोखरा उद्योग बाणिज्य संघका उद्योग तर्फका उपाध्यक्ष गोर्कण कार्कीले रेडियो प्रति आम स्रोताको विश्वास रहेको र सो विश्वासलाई मर्न नदिने गरी कार्यक्रमहरु प्रस्तुत गर्न आग्रह गरे ।

रेडियो अन्नपूर्णकर्मी नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य पंगेनीले श्रमजीवी पत्रकार हरुको हकहितका लागि आफु लड्ने बताइन् । कार्यक्रममा मार्केटिङ डिपार्टको तर्फबाट रेडियोका लेखा प्रमुख अगन्धर सुवेदीले समेत शुभकामना मन्तव्य राखेका थिए । रेडियोले पहिलो पटक क्यालेण्डर विमोचन समेत गरेको छ । २० वर्ष अघि २०५८ सालमा प्रकाश सायमीको नेतृत्वमा रेडियो अन्नपूर्णको स्थापना भएको थियो ।

# भिमकाली क्लबको दशक पछिको खुशी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**




पोखरा महानगरपालिका १ बगरमा क्रियाशिल भिमकाली क्बलले दशक पछि सेभेन ए साईड फुटबल प्रतियोगितामा उपाधि जितेको छ ।

सत्य युवा क्लब बाँझापाटनले आयोजना गरेको 'प्रथम बि-१३ खुला सेभेन ए साईड' फुटबल प्रतियोगितामा संगम क्लबलाई हराउदै भिमकालीले उपाधि रक्षा गरेको हो । माछापोखरी खेलमैदानमा आइतबार भएको फाईनल खेलमा र भिमकालीले संगमलाई ३-१ गोल अन्तरले पराजित गर्दै पुनरागमन गर्यो । भीमकालीको जीतमा समीर कार्की, जोर्डन गुरुङ र अतिरिक्त गुरुङ सुमित श्रेष्ठले समान १/१ गोलको योगदान दिए । भने संगमको तर्फबाट क्षितिज जिटीले सान्त्वना १ गोल फर्काएका थिए । उक्त खेलबाट भिमकालीका जोर्डन गुरुङ म्यान अफ द म्याच घोषित हुदै ५ हजार सहित पुरस्कृत बने । प्रतियोगिताबाट च्याम्पियन बनेको भिमकालीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु १ लाख ३५ हजार प्राप्त गर्यो । भने उपविजेता बनेको संगमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ८५ हजार हात पार्यो । सो प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीका रुपमा भिमकालीका समीर कार्की ट्रफी सहित नगद रु ७ हजारबाट पुरस्कृत बने । यसैगरी विधागत तर्फ उत्कृष्ट गोलरक्षकका रुपमा सोही क्लबकै करण गुरुङ, उत्कृष्ट डिफेण्डरका रुपमा भिमकालीकै कप्तान अञ्जन देवकोटा, उत्कृष्ट प्रशिक्षकका रुपमा सोही क्लबकै सुमन गुरुङ घोषित हुदै जनही ५ हजार प्राप्त गरे । भने उत्कृष्ट मिडफिल्डरका रुपमा संगमका टंक गुरुङ पुरस्कृत बने । 'प्रथम बि-१३ खुला सेभेन ए साईड' फुटबल प्रतियोगिताको उपाधि जितेसँगै भिमकाली क्लबले पुनरागमन थालेको क्लबका सल्लाहकार प्रकाश गुरुङले बताए । उनले पछिल्लो समय सामाजिक क्रियाकलापमा सक्रिय हुदै आएको बताउदै दशकपछि पोखराको सेभेन ए साईड फुटबलमा उपाधि जित्नुले खेल क्षेत्रमा पनि पुनरागमन गरेको सन्देश प्रवाह गरेको बताए । 'हाम्रो क्लबले दशकपछि ईतिहासमा उपाधि रक्षा गरेको छ, गुरुङले भने, 'पोखराको राम्रो क्लब संगमलाई पराजित गर्नु सहज थिएन । दश वर्ष पछि हारको स्वाद फिर्ता गरेका छौ हामी अत्यन्तै खुशी छौ । र आगामी दिनमा भिमकाली निरन्तर सामाजिक काम र खेलको विकासमा लाग्ने छौ ।' उनले उक्त उपाधि राशिबाट खेलाडीहरुलाई चित्तबझ्दो राशि प्रदान गरेको बताउदै प्रशिक्षणको लागि पृथ्वीनारायण क्याम्पसको खेल मैदान समेत व्यवस्था गरेको बताए । 'हाम्रो टिम फर्ममा छ । उनीहरुलाई निरन्तर प्रशिक्षणको लागि खेल मैदान व्यवस्था गरेर वातावरण मिलाएका छौ, उनले भने, 'खेलको विकाससँगै सामाजिक काममा पनि भिमकाली अघि बढ्नेछ ।' विगत दश वर्ष अघि संगम क्लबले विजयपुर कपमा भिमकाली क्लबलाई फाईनलमा पराजित गरेको थियो ।

# इजरायली...

युवकले गरेको बाख्रापालनले मलाई मोहित बनायो ।" उनले कृषि पेशालाई रहर मात्र नभई व्यावसायिक बनाउनुपर्ने सुझाव दिए । "कृषि रहर होइन, यो व्यवसाय हो, एउटा बाटो पनि हो", उनले भने । कृषि अध्ययनका लागि इजरायल पुग्ने नेपाली युवाहरू निकै परिश्रमी भएको राजदूत गोडरको भनाइ थियो ।

कृषक आलेले बाख्रा फार्ममा राजदूत आउँदा आफू एकदमै उत्साहित भएको बताए । "बाख्रापालन शुरु गर्दा कुनै दिन राजदूत आएर गोठको अवलोकन गर्नुहुन्छ भन्ने कल्पनासमेत गरेको थिइनँ", उनले भने, "राजदूतको आगमनले मलाई हौसला मिलेको छ ।" चार वर्ष अगाडि साना किसान सहकारीमार्फत इजरायल पुगेर आधुनिक कृषि प्रविधिसम्बन्धी १० महिने अध्ययन सकेर आएपछि उनले बाख्रापालनलाई व्यावसायिकरूपमा अगाडि बढाउनुभएको छ । पाथर्दीका ६० घरधुरीले व्यावसायिक बाख्रापालन गर्दै आएका छन् । बाख्रा बेचेर यहाँका कृषक वार्षिक रु डेढ लाखदेखि २० लाखसम्म आम्दानी गर्न सफल छन् । पाथर्दी गाउँबाट विसं २०७५ चैत १० गते मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँ शुभारम्भ भएको थियो । स्थानीयवासीले दुई वर्षदेखि घरबाससमेत सञ्चालन गरेका छन् ।

# ब्रेन हेमरेजबाट प्रभावित कायस्थको उपचारको लागि सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**



ब्रेन हेमरेज (मस्तिष्क घात) बाट प्रभावित भएका पोखरा ३ का ४५ बर्षीय प्रताप कायस्थको उपचारको लागि सहयोग आउने क्रम जारी रहेको छ ।

उनको उपचारको लागि हालसम्म स्वदेश तथा विदेशबाट गरी करिब ३ लाख २५ हजार संकलन भएको प्रताप कायस्थ सहयोग समितिका अध्यक्ष अष्टमान प्रधानाङ्गले बताए । पछिल्लो समयमा पोखरा तेर्सापट्टिका युवा व्यवसायी सरोज श्रेष्ठबाट १० हजार, पोखरा ३ नदीपुरको रत्न श्री जिमबाट २५ हजार सहयोग गरेको उनले जनाए । त्यस्तै पोखराका हाल अमेरीका निवासी अर्चना कतिला (कायस्थ) र सृजना पौडेल (कायस्थ) ले ५० हजार रुपैया उपलब्ध गराएको उनका आफन्त राजेन्द्र कुमार कायस्थले बताए । हाल थप उपचारको लागि प्रताप काठमाण्डौं गएको समितिका सदस्य एवं पोखराको भिन्तुना युवा क्लवका अध्यक्ष राजन श्रेष्ठले बताए । रोजगारको लागि विदेश गएका कायस्थ आफ्नी छोरीलाई गुमाएसंगै स्वदेश फर्कियर काठमाण्डौंमा भाडा पसल संचालन गर्दै आउने क्रममा लकडाउनको समयमै एकाएक बेहोस भई बिरामी भई थलिएका उनी हाल आफ्नो उपचारको लागि सहयोगको हात आव्हान गर्दैछन् । उनको हालसम्म उपचारमा करिब १५ लाख जसो खर्च भई एक लाख ऋण भएकोले हाल दैनिक रुपमा औषधि उपचार गर्न आर्थिक अभाव भएकोले उपचारमा सहयोग गर्न कायस्थले आग्रह गरेका हुन् । विस्तारामै लड्ने गरी थलिएका कायस्थले आफ्नो उपचार पश्चात निको भएमा जीबन भरी सामाजिक सेवा गर्ने इच्छा भएको बताए ।

प्रष्टसंग वोल्न र हिडडुल गर्न नसक्ने गरी थलिएका कायस्थाको रेखदेखमा उनका १३ बर्षीय छोरा अर्जुन श्रेष्ठ आफ्नो पढाई छाडेर बाबुको रेखदेखमा लागेका छन् । पहिला बाबुको उपचार त्यस पछि मात्र मेरो भविश्य हेर्नु पर्ला भनेका अर्जुनले आमाको आम्दानी नभएको र बाबुको रेखदेखमा चौबिसै घण्टा खटिनु परेकोले पढाई भन्दा बाबुको स्वास्थ्य ठुलो भएकोले बाबुको उपचारमा लागेको बताए ।






## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# हतारमा मापदण्ड नमिच

नेपालमा कोरोना संक्रमितको संख्या ह्वात्तै बढेपछि देशभर लकडाउन गर्नुपर्ने आवाज उठेको छ। मृत्यु हुनेको संख्या पनि ह्वात्तै थपिएको छ। आइतबार मात्र मृत्यु हुनेको संख्या २८ पुगेको छाअघिल्लो दिन १४ जनाको मृत्यु भएको थियो। अस्पतालमा बिरामीको संख्या बढेको मात्र छैन बेड नै नपाउने अवस्था आएको छ। सरकारले स्वास्थ मापदण्ड पालना गर्न गरेको आग्रहलाई खेलाची गर्ने प्रबृत्ति छ। राजनीतिक दलको गतिविधिले सरकारले जारी गरेको निर्देशनलाई बेवास्ता गरेका छन। सरकारले २५ जना भन्दा बढी भेला भएर बैठक, गोष्ठी, सेमिनार गर्न नपाइने भनेको छ।

सरकारको निर्देशन सत्तारूढ दल, विपक्षी र नागरिक तहबाट पालना हुन सकेको छैन। सत्तारूढ नेकपा एमालेले कोरोना संक्रमण फैलिएको भन्दै सम्पूर्ण पार्टी पङ्गिती कोरोना संक्रमण फैलन नदिन र स्थानीय तह तथा जिल्लाका सरकारी निकायसँग मिलेर काम गर्न निर्देशन गरेको छाविपक्षी कांग्रेसले पनि कोरोना संक्रमण बढेको भन्दै सरकारको मापदण्ड पालना गर्ने बताएको छ। सरकारलाई दोष दिनुभन्दा आफ्नोतर्फबाट पालना गरेर मात्र आलोचना गर्न सकिन्छ भन्ने मान्यता राखेको छ। नेपाली कांग्रेसले केन्द्रीय सदस्यहरुको पीसीआर परीक्षण गरेर मात्र केन्द्रीय कार्यसमिति बैठक गर्ने भएको छ।

आइतबार बसेको पदाधिकारी बैठकले सोमबार केन्द्रीय सदस्य र कार्यालयका कर्मचारीहरुको पीसीआर टेष्ट गर्ने निर्णय गरेको छ। नेगेटिभ रिपोर्ट आएकाहरुको बैठक १५ गते बस्नेछ। कांग्रेसको निर्णय केन्द्रमा मात्र सिमित रहनु हुदैन। संघीय संसदको अधिवेशन हुँदा पनि सांसदहरूको पिसिआर टेष्ट गरेर नेगेटिभ रिपोर्ट आएकोले मात्र अधिवेशनको बैठकमा भाग लिन पाउने गरेका थिए। गण्डकी प्रदेश सभाको बिशेष अधिवेशनमा पनि पिसिआर परिक्षण गरेर मात्र बैठकमा जाने ब्यवस्था मिलाउनु पर्छ।

सरकार ढाल्ने र जोगाउने हतारो गरेर स्वास्थ्य मापदण्ड पालना नगरेपनि हुन्छ भन्न मिल्दैन। प्रदेश सरकारले स्वास्थ्य मापदण्डअनुसार चल्न नागरिकलाई अनुरोध गर्दा आफुले पनि पालना गरेको हुनुपर्छ। प्रदेश सभाका सबै दलका सांसदहरू, कर्मचारी र सुरक्षाकर्मीले पनि मापदण्डविपरीत जान मिल्दैन। जतिसुकै हतार भए पनि स्वास्थ्य मापदण्ड र पिसिआर परिक्षण गरेर बैठक चलाउनु उचित हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मन चञ्चल |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०७७/१२/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नामः सरीता के.सी.
विमा लेख नं. १३०००२८९४
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा, शाखा
फोनः ९८५६०३५७४३, ९८४६०२२०१४

# बारपाक सुलीकोट गाउँपालिकामा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**गोखरा, १२ बैशाख**

बारपाक सुलीकोट गाउँपालिकाले आइतबार पालिकाभित्र सार्वजनिक बिदा दिएको छ। गाउँपालिकाले गोरखा भूकम्पबाट ज्यान गुमाउनेहरुका स्मृतिमा भूकम्प स्मृति दिवसका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो।

"विसं २०७२ वैशाख १२ गते आजकै दिन गएको विनाशकारी गोरखा भूकम्पको केन्द्रविन्दु बारपाक भएको गाउँपालिकाभित्र उक्त दिनको सम्झनामा बिदा दिइएको हो", उहाँले भन्नुभयो, "भूकम्पलाई भुल्नेभन्दा पनि सम्झेर सधैं सचेत र पूर्वतयारीमा सबै सदैव लाग्नुपर्छ।" गाउँ कार्यपालिकाको गत चैत २५ गते बसेको बैठकले भूकम्प स्मृति दिवसका अवसरमा पालिकाभित्र सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। बिदाको दिन गाउँपालिकाका सबै वडा कार्यालय, स्वास्थ्य संस्था, सम्पूर्ण शिक्षण संस्थालगायत सार्वजनिक सङ्घसंस्था बन्द रहने गाउँपालिकाले जनाएको छ। बारपाक सुलिकोट - १ र २ मा पर्ने भूकम्पको केन्द्रविन्दु बारपाक गाउँका एक हजार ४५० घरमध्ये भूकम्पबाट केही घरका ७२ जनाले ज्यान गुमाएका थिए। भूकम्प स्मृति दिवसका अवसरमा हरेक वर्ष बारपाकमा विभिन्न कार्यक्रम गरिँदै आए पनि यस वर्ष कोरोना सङ्क्रमण जोखिमका कारण कार्यक्रम स्थगन गरिएको अध्यक्ष भट्टले जानकारी दिनुभयो।

# भारतको दिल्लीमा मात्रै एकै दिनमा सबैभन्दा धेरै २४ हजार संक्रमित

**रासस**
**काठमाडौं, १२ बैशाख**

भारतको केन्द्रीय राजधानीसमेत रहेको दिल्ली प्रदेशमा कोरोनाभाइरसबाट एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार दिल्ली प्रदेशभरी एक दिनमा २४ हजार १०३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका हुन्। त्यसैगरी दिल्ली प्रदेशमा पछिल्लो २४ घण्टामा ३७५ जनाको मृत्यु भएको पनि सरकारी अधिकारीले जनाएका छन्। दिल्लीमा अहिले पनि ९३ हजार ८० सङ्क्रमित अवस्थामै रहेका छन्। यो सङ्ख्या पनि अहिलेसम्मकै सवैभन्दा धेरै रहेको बताइएको छ। दिल्लीको स्वास्थ्य विभागले सङ्क्रमित र मृतकको सङ्ख्या दिनप्रति दिन बढ्दै गइरहेको जानकारी दिएको छ। पछिल्लो विवरणअनुसार दिल्लीमा मात्रै अहिलेसम्म १० लाख चार हजार ७८२ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। कोरोनाका कारण दिल्लीमा मात्रै मृत्यु भएकाको सङ्ख्या अहिलेसम्म १३ हजार ८९८ पुगेको दिल्लीको स्वास्थ्य मन्त्रालयले जनाएको छ। कोरोनाभाइरसको परीक्षण गराएकामध्ये ३२.२७ प्रतिशतमा सङ्क्रमण देखिएको स्वास्थ्य अधिकारीले जनाएका छन्। तीमध्ये १.३८ प्रतिशतको त मृत्यु नै हुने गरेको छ। भारतमा देशभरी भने अहिलेपनि २५ लाख ५२ हजार ९४० जना सङ्क्रमित अवस्थामै रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ७८६ जना सङ्क्रमित भएका थिए। भारतमा गत जनवरी १६ देखि कोरोनाभाइरस विरुद्धको खोप अभियान चलिरहे पनि भाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्यामा दिन प्रतिदिन बृद्धि हुँदै गएको छ।

# एमालेले 'फ्लोर क्रस' गर्ने चार सांसदलाई पदमुक्त गर्न सचिवालयमा पत्र बुझायो

**रासस**
**काठमाडौं, १२ बैशाख**

नेकपा एमालेले कर्णाली प्रदेशसभामा नेकपा (माओवादी केन्द्र) का नेता मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिने आफ्ना चार सांसदलाई पदमुक्त गर्न पत्र दर्ता गरेको छ।

एमाले दलका नेता यामलाल कँडेलले आइतबार प्रदेशसभा सचिवालयमा ती सांसदलाई पदमुक्त गर्ने व्यहोराको पत्र पठाउनुभएको हो। प्रदेशसभा सचिव जीवराज बुढाथोकीले सचिवालयमा पत्र दर्ता भइसकेको जानकारी दिनुभयो। एमालेले यसअघि मुख्यमन्त्री शाहीलाई दिएको समर्थन फिर्ता लिएपछि वैशाख ३ गते प्रदेशसभामा विश्वासको मतउपर मतदान भएको थियो। उक्त मतदानमा पार्टीको निर्णय/निर्देशन (ह्वीप) विपरीत एमालेका चार प्रदेशसभा सदस्यले मुख्यमन्त्री शाहीको पक्षमा मतदान गरेर माओवादी केन्द्र नेतृत्वको सरकार जोगाइदिएका थिए।

शुक्रबार बसेको एमालेको १० औं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको बैठकले प्रदेशसभामा 'फ्लोर क्रस' गर्ने सल्यान १ (ख) का प्रकाश ज्वाला, दैलेख १ (ख) का अम्मरबहादुर थापा, कालीकोट १ (क) का कुर्मराज शाही र डोल्पा १ (क) का नन्दसिं बुढालाई पदमुक्त गर्ने निर्णय गरेको थियो। एमालेले प्रदेशसभा सदस्य, दलको जिम्मेवारीका साथै पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ। प्रदेशसभा सचिवालयमा दर्ता भएको पत्रमा भनिएको छ, "निज सांसदहरूको गैरजिम्मेवार, असंसदीय र लज्जास्पद गतिविधिबाट लोकतन्त्र र दलीय पद्धतिमाथि आँच आउने ठहर गर्दै प्रदेशसभा दल र पार्टी प्रदेश कमिटीको सिफारिसका आधारमा कारबाही गरिएको छ।" मुख्यमन्त्री शाहीले 'फ्लोर क्रस' गर्नेमध्ये थापा, शाही र बुढालाई मन्त्री पदमा नियुक्त गरिसक्नुभएको छ। सरकारमा थापा भौतिक पूर्वाधार विकास, शाही भूमि व्यवस्था, कृषि तथा सहकारी र बुढा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री हुनुहुन्छ। प्रदेशसभा सचिवालयले अबको १५ दिनभित्र उनीहरुलाई सांसद पदबाट हटाएको जानकारी प्रदेशसभालाई गराउनुपर्नेछ। सो सूचनालगत्तै ती सांसद स्वतः पदमुक्त हुनेछन्। एमालेले आफ्ना चार सांसदको पदमुक्त गरेसँगै कर्णाली प्रदेशसभा अब ३५ सदस्यीय हुनेछ। यसअघि दल त्याग गरेको भन्दै माओवादी केन्द्रले सांसद धर्मराज रेग्मीलाई पदमुक्त गरेको थियो। रेग्मी हाल एमालेको केन्द्रीय सदस्य तथा प्रदेश कमिटी सचिव हुनुहुन्छ।

# मुकुन्द शरण वाङमय परिषद नेपालको अध्यक्षमा पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ बैशाख**




मुकुन्द शरण वाङमय परिषद नेपाल पोखरा २५ कास्कीको तेस्रो अधिबेशन आइतबार हेमजामा सम्पन्न भएको छ। अधिबेशनले कृष्णप्रसाद पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ।

परिषद नेपालको उपाध्यक्षमा लोकमणी पौडेल, महासचिबमा बलराम पौडेल, सचिब देबु गौतम, कोषाध्यक्षमा भुवनेश्वर शर्मा र सहसचिबमा कालिचरण पराजुली चयन भएका छन। त्यस्तै अन्य सदस्यमा कृष्णशरण उपाध्याय, गायत्री घिमिरे, पुष्पा के.सी, प्रेमराज पाहारी र मोहनराज पौडेल रहेका छन।

महाकाब्यकार जनारदन त्रिपाठीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हेमजा सहित्य प्रतिष्ठानका अध्यक्ष छन्दमणी त्रिपाठीले आफनो भनाइ राखेका थिए। कार्यक्रममा कोषाध्यक्ष सिब त्रिपाठीले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए। परिषद नेपालका अध्यक्ष नारायण प्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष देबुकृष्ण काफलेले स्वगत र सञ्चालन महासचिब डा बलराम अधिकारीले गरेका थिए।

# पदयात्रा पर्यटनसँग जोडिँदै भुम्दी टुनार घरबास

**–वासुदेव पौडेल**
**पोखरा, १२ बैशाख**



पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको पोखरा महानगरपालिका-२२ स्थित भुम्दीका स्थानीयवासी घरबासका माध्यमबाट यहाँको गाउँलाई पर्यटकमाझ पुऱ्याउने लक्ष्यका साथ क्रियाशील छन्।

भुम्दी टुनार घरबास (होमस्टे) का नाममा सङ्गठित बन्दै यहाँका ११ वटा घरमा विगत एक वर्षयता घरबास सञ्चालनमा ल्याइएको छ। प्रकृति र संस्कृतिका विविधतालाई पर्यटक माझ लैजाने दीर्घकालीन सोचका साथ घरबास सञ्चालनमा ल्याइएको अध्यक्ष नानीमाया गुरुङले जानकारी दिनुभयो। गत वर्षदेखि घरबास सञ्चालनमा ल्याएसँगै पर्यटकको आकर्षण बढिरहेका अवस्थामा एकाएक विश्वव्यापी फैलिएको कोरोना भाइरसको प्रकोप र त्यसँगै गरिएको बन्दाबन्दीले आफूहरूको जागरुकतालाई प्रभावित बनाएको उहाँले बताउनुभयो।

समुद्री सतहबाट ८०० मिटर उचाइमा रहेको यस ठाउँबाट माछापुच्छ्रे, अन्नपूर्णलगायतका मनमोहक हिमाली दृश्य एकसाथ अवलोकन गर्न सकिन्छ। गाउँको शिरमा रहेको रामलक्ष्मण थान यहाँको अर्को धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको होमस्टेकी सदस्य एवं भुम्दी टुनार आमा समूहकी अध्यक्ष राधा गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार यस तीर्थस्थलमा प्रत्येक वर्षको आश्विन शुक्ल पक्ष(बडा दशैं) र चैत्र शुक्ल पक्ष(चैते दशैं)का अवसरमा नवमी तिथिमा विशेष पूजाआजा हुन्छ। उक्त दिनमा कुखुराको बलि दिने गरिएको उहाँले जानकारी दिनुभयो। उक्त दिनमा रामलक्ष्मणको थानमा शिकार खेल्नुपर्छ भन्ने प्राचीन संस्कृति यहाँको अर्को मौलिकता हो। उक्त दिनमा शिकार खेल्नैपर्छ भन्ने प्राचीन मान्यताका कारण स्थानीयवासी जम्मा भएर शिकार खेले झैं गरी हाहाहुहु गर्दै परम्परालाई धान्दै आएको उहाँले बताउनुभयो। घरबासमा आउने पर्यटकलाई आफूहरूले यामअनुसारको गाउँमा नै उत्पादित प्राङ्गारिक तरकारीका साथै विभिन्न परिकार खुवाउने गरेको उहाँले जानकारी दिनुभयो।

गाउँमा विभिन्न जातजातिका २७ घरमध्ये ११ वटाले घरबास सञ्चालन गरेको जानकारी दिँदै उहाँले होमस्टे सञ्चालन नगर्नेले पनि पर्यटकका लागि आवश्यकपर्ने कृषिजन्य उत्पादन तयार गरी लाभान्वित हुने गरेको बताउनुभयो। हिमाली तथा पहाडी दृश्यावलोनको आकर्षक गन्तव्यका रुपमा रहेको यो ठाउँ पञ्चासे पदमार्गमा पर्ने ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले बताउनुभयो। पञ्चासे पदमार्गमा जानेका लागि यस स्थानमा विगतमा घरबास सञ्चालन नभएका कारण क्याम्पिङ गर्नुपर्ने बाध्यता रहेको बताउँदै उहाँले घरबास भएसँगै पदयात्रीका लागि निकै सहज बनेको बताउनुभयो।

तीन/चार दिनसम्म गर्न सकिने पञ्चासे पदयात्राका साथै पोखराबाट एकदिने हाइकिङका लागि पनि भुम्दी टुनार होमस्टे सहयोगी बन्ने पौडेलको भनाइ छ। उहाँका अनुसार एकदिने हाइकिङमा जान चाहनेले पामेबाट चापाकोट हुँदै भुम्दी, उल्लेरी हुँदै भुम्दी, ड्यामसाइड हुँदै भुम्दीका साथै खाडेखोलाबाट भुम्दीसम्मको एकदिने हाइकिङ गर्न सक्दछन्। भुम्दी टुनार घरबासलाई पदयात्रा पर्यटनसँग जोड्ने आफूहरूको लक्ष्य रहेको उहाँले बताउनुभयो। पदयात्राका लागि आउने पर्यटकले रुचाउने प्राङ्गारिक कृषिजन्य उत्पादनमा यहाँका स्थानीयले जोड दिएको हिमालयन भ्यू टि हाउसका सञ्चालक यामबहादुर गुरुङ(माइला दाइ)ले बताउनुभयो। विगतमा क्याम्पिङ गरी बस्न आउने पदयात्री पर्यटकलाई लक्षित गर्दै २२ वर्षअघिदेखि आफूले यहाँस्थित पैयम चौतारामा चियापसल सञ्चालन गर्दै आएको जानकारी दिँदै उहाँले पछिल्ला आठ वर्षयता २२ जनासम्म पर्यटक राख्न सक्नेगरी आवासीय कोठासमेत निर्माण गरेको बताउनुभयो।

लामो समयसम्म देशमा चलेको सशस्त्र द्वन्द्वका साथै कोरोना महामारी लगायतले पदयात्रा पर्यटनमा प्रत्यक्ष प्रभाव पारेको उहाँको अनुभव छ। पदयात्रा पर्यटनसँग भुम्दी गाउँलाई जोड्दै यहाँको समग्र विकासमा योगदान गर्न सकिने उहाँले बताउनुभयो। भुम्दी टुनार घरबासलाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्यका साथ टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घको आयोजनामा विश्वपृथ्वी दिवसका अवसरमा हालै एक दिवशीय हाइकिङ गरिएको सङ्घका प्रथम उपाध्यक्ष धर्मराज पन्थीले बताउनुभयो। उहाँका अनुसार नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवं पोखरा महानगरपालिका- २२ को सहयोगमा आयोजित हाइकिङमा पदयात्रा पर्यटन सम्बद्ध व्यवसायी एवं सञ्चारकर्मीसहित ४५ जनाको सहभागिता थियो।

# हिमालयन चितुवाले चुमे 'अन्तरराष्ट्रिय प्रोफेशनल किक बक्सिङ हिट ४८' को उपाधि

**रासस**
**काठमाडौं, १२ बैशाख**

युवा पुस्ताका बक्सर अविरल घिमिरेले 'अन्तरराष्ट्रिय प्रोफेशनल किक बक्सिङ हिट ४८' को उपाधि चुम्नुभएको छ।

जापानको नागोया शहरमा अवस्थित नागोया कङ्ग्रेस हलमा आज आयोजित भिडन्तमा हिमालयन चितुवाले पहिलो राउण्डमा नै जापानी खेलाडी योसिदा यइजीलाई परास्त गर्दै ऐतिहासिक जीत हात पार्नुभएको हो। विश्वका भेट्रान बक्सरलाई मात्र सो प्रतियोगितामा खेलाइने आयोजकले जनाएको छ।

आकर्षक भिडन्तमा सो प्रतियोगिता जित्ने अविरल कम उमेरका पहिलो बक्सर बन्नुभएको छ। घिमिरेले गत चैत १५ गते 'के वान फेस्टिबल २०२१' को उपाधि चुम्नुभएको थियो। जापानको टोकियो शहरमा सम्पन्न सो अन्तरराष्ट्रिय प्रतियोगितामा उहाँले जापानी बक्सर खोतेजुलाई पहिलो राउण्डमा परास्त गर्दै नेपालका लागि ऐतिहासिक जीत दिलाउनुभएको थियो। विश्वका चर्चित बक्सरलाई मात्र सो महोत्सवमा खेलाइएको थियो।

सो प्रतियोगिताको पदक आफ्नो पक्षमा ल्याएसँगै उहाँ कम उमेरका पदक हात पार्ने पहिलो नेपाली युवा खेलाडीसमेत बन्नुभएको थियो। दश हजारभन्दा बढी जापानीले विश्वचर्चित सो भिडन्त हलमा हेरेका थिए भने आबेमा युट्युब च्यानलमार्फत विश्वभर प्रत्यक्ष प्रसारण गरिएको थियो। अन्तरराष्ट्रिय बक्सिङ खेलाडी एवं प्रशिक्षक देवकुमार घिमिरेका सुपुत्र अविरलले बुबाकै विशेष प्रशिक्षणमा महोत्सवको तयारी गर्नुभएको थियो। सानो उमेरमा बक्सिङमा ऐतिहासिक सफलता हात पार्दै आउनुभएका अविरल हालै सम्पन्न विश्वको प्रतिष्ठित 'के वन किक बक्सिङ अन्तरराष्ट्रिय प्रतियोगिता २०२०' मा दोस्रो स्थान प्राप्त गर्न सफल हुनुभएको थियो। नेपालका तर्फबाट कम उमेरमा सो प्रतियोगितामा भाग लिने अविरल पहिलो 'बक्सर'समेत हुनुभएको थियो। एक्काइस वर्षीय बक्सर घिमिरेले बाज्रिलियाली खेलाडी फिलिपसँग सो प्रतियोगितामा प्राविधिक कारणले मात्र पराजित हुनुपरेको थियो।

# धमाधम होटल बुकिङ रद्द

– खेमराज गौतम
**बागलुङ, १२ बैशाख (रासस)**

बागलुङमा कोरोना जोखिम बढेसँगै चलायमान हुँदै गरेको होटल व्यवसाय पुनः सङ्कटमा पर्न थालेको छ । कोरोनाका कारण धरासायी बन्न थालेका होटलहरू केही महिनायता राम्रो चले पनि बागलुङ कोरोनाबाट अति प्रभावित जिल्लाको सूचीमा परेको खबर सार्वजनिक भएपछि होटल व्यवसाय प्रभावित हुन थालेको होटल व्यवसायी बताउँछन् ।

कोरोनाको जोखिमयुक्त १४ जिल्लाको सूचीमा पर्नु र बागलुङका पर्यटकीय क्षेत्र वैशाख मसान्तसम्म बन्द गर्ने जिल्ला प्रशासन कार्यालय बागलुङको निर्णयका कारण होटलमा अग्रिमरूपमा भएको बुकिङसमेत धमाधम रद्द भएको होटल व्यवसायीले गुनासो गरेका छन् । प्रशासनले भिडभाड हुने पर्यटकीय क्षेत्रमा वैशाख मसान्तसम्म प्रवेशमा रोक लगाएपछि झण्डै जिल्लाका ५०० बुकिङ रद्द भएको होटल व्यवसायी सङ्घ बागलुङका अध्यक्ष निलेश राजभण्डारीले जानकारी दिनुभयो । "जिल्लामा अवलोकन भ्रमण गर्नेको चाप ह्वात्तै बढेको थियो तर कोरोनाको जोखिम बढेको भन्दै पर्यटकीय स्थलमा वैशाख ८ गतेदेखि प्रवेशमा रोक लगाइएपछि अग्रिम बुकिङ भएका होटलहरू धमाधम रद्द भएको हो", राजभण्डारीले भन्नुभयो, "कोरोनाले थलिएका होटल व्यवसाय उठ्न थालेको समयमा पुनः समस्या परेको छ, अन्य जिल्लाको तुलनामा बागलुङमा बढी असर परेको देखिन्छ, सबै सचेत हुन जरुरी छ ।"

कोरोना जोखिम बढेसँगै जिल्ला प्रशासन कार्यालय बागलुङले मठ मन्दिर प्रवेश गर्न र सभा सम्मेलन गर्न रोक लगाएपछि होटलहरू सुनसान भएका हुन् । लामो समय कोरोनाले गर्दा ठप्प भएका होटल व्यवसाय लकडाउन खुलेपछि सञ्चालनमा आएका थिए तर पुनः कोरोना जोखिम बढेसँगै व्यापार व्यवसाय चल्न छाडेका छन् । बागलुङका होटल चल्ने भनेकै बागलुङको प्रसिद्ध कालिका मन्दिर, विश्वकै लामो दाबी गरिएको ५६७ मिटर लामो बागलुङ बाङ्गेचौरबाट पर्वतको अदुवाबारी जोड्ने झोलुङ्गे पुल, पञ्चकोट र शालिग्राम सङ्ग्राहलय हेर्न पाठपूजा गर्न आउने भए पनि प्रशासनले रोक लगाएपछि झनै समस्या भएको होटल व्यवसायी गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखाल बताउनुहुन्छ । "लामो समयपछि होटल व्यवसाय चलेको अवस्था थियो, एक्कासि मठ मन्दिरमा प्रवेश रोक लगाइएपछि होटल व्यवसायमा थप सङ्कट आउने अवस्था छ", उहाँले भन्नुभयो । अन्य जिल्लामा मठमन्दिर प्रवेशमा रोक नलगाइएको तर बागलुङमा बन्द हुँदा प्रत्यक्षरूपमा यहाँका व्यापारी मारमा परेको चोखालको गुनासो छ । उहाँले सम्बन्धित निकायले वैज्ञानिक ढङ्गले मापदण्ड बनाएर मठमन्दिरमा प्रवेश गर्न दिए राम्रो हुने बताउनुभयो । सम्बन्धित निकायले होटल व्यवसायीसँग छलफलसमेत नगरी अन्य जिल्लाबाट बागलुङ घुम्न आउने पर्यटकलाई रोक लगाएको होटल व्यवसायीको गुनासो रहेको चोखालले बताउनुभयो ।

कालिका मन्दिर र मुक्तिनाथ दर्शन गर्न जाने तीर्थयात्रीले गर्दा नै बागलुङका होटल व्यवसायी चलेको तर अहिले मठमन्दिर प्रवेशमा रोक लगाउँदा होटल व्यवसायी मारमा परेको व्यवसायीको गुनासो छ । यो व्यापारको याम भए पनि बागलुङ बजारमै पर्यटक प्रवेशमा रोक लगाउँदा सबैभन्दा धेरै मारमा होटल व्यवसायी पर्ने गरेका छन् ।

भर्खर व्यापार शुरु भए पनि कोरोनाले गर्दा फेरि बन्द गर्नुपर्ने अवस्था आएको होटल राजनका सञ्चालक एञ्जिल शाक्यले बताउनुभयो । कोरोनाको जोखिम भन्दै मठमन्दिर बन्द हुँदा अहिले होटलमा पाहुना आउन कम भएको छ । कार्यक्रमका लागि गरिएको हल बुकिङ रद्द भएको उहाँको भनाइ छ । शाक्यका अनुसार आइतबार मात्रै ३३ जनाले होटलको कोठा बुक गरे पनि पछि बुकिङ रद्दको खबर आएको बताउनुभयो ।

# भूकम्पको पीडाले भन्दा ऋणले पोल्छ पीडितलाई

–तारानाथ आचार्य
**बलेवा, १२ बैशाख**

गोरखा भूकम्पपछि बागलुङ नगरपालिका-१४ नारायणस्थानका लालप्रसाद शर्माले नयाँ घर बनाउनुभयो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको लाभग्राहीको सूचिमा सूचिकृत हुनुभएका उहाँले छाना छाउने बेला पुतली गाह्रो लगाएकोले तेस्रो किस्ता भुक्तानी पाउनुभएन् ।

दोश्रो किस्ता पाएर मापदण्ड अनुसारकै काम गरेपनि छाउँदाको पुतली गाह्रो हटाएपछि मात्रै प्राधिकरणले मापदण्ड मान्ने र भुक्तानी दिने भनेर प्रगती र भुक्तानी रोकेको छ । जैमिनी नगरपालिका-१ कुश्मीशेराका प्रेमबहादुर लम्सालले भत्केको घर प्राविधिक आउनुपूर्व नै तयार गर्नुभयो । उहाँले पनि तेस्रो किस्ताको रकम पाउनुभएको छैन् । प्राधिकरणले तोकेको मापदण्डअनुसार नभएको जनाउँदै किस्ताको रकम रोकिएको उहाँले गुनासो गर्नुभयो ।

विसं. २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले घर भत्किँदा छोराछोरी च्यापेर दगुरेको पीडाभन्दा सरकारीअनुदान पाउने आशामा काढेको ऋणले उहाँहरुलाई पोलिरहेको छ । जिल्लामा पुनःनिर्माण प्राधिकरणले भुक्तानी रोकेका कारण पीडामा ऋणको भारी बोकेकाको सङ्ख्या धेरै छ । ताराखोला गाउँपालिकाका एक लाभग्राहीले ढुङ्गाले छाएको भनेर प्राधिकरणका प्राविधिकले मूल्याङ्कन नगरेपछि किस्ता पाएका छैनन् । उनको ढुङ्गाको छाना फालेरजस्ता लगाउनुपर्ने भन्दै जिल्ला तहका प्राविधिकले रोकेको गाउँपालिका उपाध्यक्ष दिलकुमारी पुनले जानकारी दिनुभयो ।

भूकम्पपछिको पुनर्निर्माणको काम थालेको छ वर्षमा पनि जिल्लामा अझै २८ प्रतिशत लाभग्राहीको घर बन्न सकेको छैन । महाभूकम्पको पाँच वर्ष पुग्दा पीडितले कहालिलाग्दो दिन सम्झिरहेकाछन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत जिल्लाका निजी आवास निर्माणमा ७२ प्रतिशत मात्रै प्रगतिदेखिएको हो । दुई हजार ४५२ निजी आबास निर्माण गर्नुपर्ने प्राधिकरणले अझै ५०० घर निर्माण गर्न नसकेको हो । जिल्ला आयोजना कार्यालयका निमित्त प्रमुख रेणुका पाण्डेकाअनुसार २४४ घर निर्माणाधीन छन् । सन्ताउन्न घरले किस्ता नलगेको र २०१ घरले सम्झौता नगरेकोले लाभग्राहीबाट स्वःतह हटाइएको उहाँले बताउनुभयो । प्राधिकरणले पाँच वर्षको अवधिमा दुई पक्की पुल निर्माण गरिरहेको र झण्डै १० किमी सडक निर्माण गरेको छ । जिल्लाका १७९ विद्यालयमध्ये हालसम्म ११६ भवन निर्माण सम्पन्न भएका छन् । त्रिसठ्ठी विद्यालय निर्माणाधीन अवस्थामा छन् । यो अवधिमा दुई स्वास्थ्य चौकीसमेत निर्माण भएका छन् । अन्ठाउन्न विद्यालयको शौचालय निर्माणकालागि लाभग्राहीको सूचिमा समावेशमध्ये ४० शौचालय बनेका छन् । अझै १८ शौचालय निर्माणाधीन रहेको शिक्षा अधिकारी मोतीलाल चपाइँले जानकारी दिनुभयो । उहाँले विद्यालय हेर्ने शिक्षा शाखा, भवन हेर्ने र समग्रता हेर्ने गरी तीन प्रकारका कार्यालय भएकोले प्राविधिक र लाभग्राहीले समन्वयको अभाव भएको गुनासो गर्नुभयो । प्राधिकरणले जिल्लामा निर्माण गरिरहेको एकीकृत वस्तिको काम भने अन्तिम चरणमा पुगेको छ । यही वैशाख महिनाभित्रै काठेखोला गाउँपालिका-५ बिहुँमा निर्माणाधीन एकीकृत वस्तिको काम सकिने जनाइएको छ । दश परिवारकालागि बनिरहेका घरमध्ये सात घर निर्माण सम्पन्न भएकाछन् भने बाँकी तीन घरको निर्माणको काम चलिरहेको छ । बस्तिमा निर्माण गरिने सडक, खोपानी, शौंचालय, विद्युत् लगायतका संरचनाको निर्माण भने अन्यौल छ ।

# पर्यटन प्रवर्द्धन गर्न दाम्राङ पोखरीसम्म सडक

–जनक श्रेष्ठ
**लमजुङ, १२ बैशाख (रासस)**

यहाँ पर्यटन प्रवर्द्धनका लागि दोर्दी गाउँपालिका- ४ मा रहेको दाम्राङ पोखरीसम्म सडक लगिएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत क्षेत्र नं (क) अन्तर्गत दोर्दी गाउँपालिका-४ ठूलाखेत-कामचोक-डाम्राङ-लिपे पर्यटन सडक निर्माण गरिएको हो ।

गण्डकी प्रदेशसभा सदस्य धनञ्जय दवाडीले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत यस क्षेत्रमा पर्यटन प्रवर्द्धन तथा विकास गर्नका लागि सडक निर्माण गरिएको जानकारी दिनुभयो । यस क्षेत्रको प्रचारप्रसारमा सबै एकजुट भएर अघि बढ्नुपर्ने उहाँको भनाइ छ । पूर्वाधार विकास कार्यालय लमजुङमार्फत सडक निर्माण भएको थियो । ठूलाखेत-कामचोक-दाम्राङ-लिपे पर्यटन सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष दुर्गाबहादुर गुरुङले यस सडक चार किलोमिटर आठ मिटर लम्बाइ र छ मिटर चौडाइ रहेको बताउनुभयो । रु २५ लाखमा पालिकाको वडा नं ४ ठूलाखेतदेखि यसै वडाको दाम्राङ पोखरीसम्म सडक निर्माण भएको उहाँको भनाइ छ । त्यस्तै पर्यटन प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा दाम्राङ पोखरी नजिकै दाम्राङ हरित पार्क निर्माण गरेको छ । प्रदेश सरकारअन्तर्गत डिभिजन वन कार्यालय लमजुङको रु पाँच लाख बजेटबाट पार्क निर्माण भएको बताइएको छ । दाम्राङ हरित पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष फुलबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार यस पार्कभित्र ढुङ्गाको सिंढी निर्माण, २८५ मिटरको कम्पाउन तारजालीले घेर्ने, विभिन्न प्रजातिका बिरुवा ९० वटा वृक्षरोपण गरिएको छ ।

दाम्राङ पोखरी तथा यस पार्क गरी करीब १० रोपनी क्षेत्रफल ओगटेको स्थानीयको भनाइ छ । दाम्राङ पोखरीबाहेक यस क्षेत्रमा कुनै पानीको स्रोत नभएकाले यस जङ्गलका सबै जनावारले यसै पोखरीमा पानी खानका लागि आउने गर्दछन् । पोखरीको संरक्षण र प्रवर्द्धन गर्नसके पर्यटनका लागि नयाँ गन्तव्यका रुपमा सुन्दर ठाउँ हुनसक्ने स्थानीयको भनाइ छ ।

यस दाम्राङ पोखरी हुँदै एतिहासिक तथा पर्यटकीयस्थल लिप, दूधपोखरी हुँदै गोरखासमेत निस्कनसक्नेस्थानीययुवराजअधिकारीले बताउनुभयो । प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै आएको यस क्षेत्रका लागि विस्तारै सरकारले पनि ध्यान दिन थालेकाले आगामी दिनमा पर्यटक आउने अपेक्षा उहाँले गर्नुभयो । उहाँका अनुसार यस वडाकै धौथलीदेखि लिपेसम्म एक हजार ५०० मिटर पदमार्ग निर्माण भएको छ । प्रदेश सरकारको यस चालू आर्थिक वर्षकै बजेट रु २० लाखमा निर्माण भएको हो । इलमपोखरी-लिपे-धौथली-रप्प्रो-दाम्राङ-नौथर शेरा चक्रिय पदमार्गअन्तर्गत उक्त काम भएको छ । यस चक्रिय पदमार्ग २३ किलोमिटर रहेको र हालसम्म १५ किलोमिटर पदमार्ग निर्माण भइसकेको स्थानीय अधिकारीको भनाइ छ । प्रदेश सरकारले यस पदमार्ग निर्माणका लागि हालसम्म रु ९० लाख बजेट खर्च गरिसकेको छ ।

निमित्त प्रमुखका भरमा पुनःनिर्माण प्राधिकरण कार्यालय

बेंसीशहर नगरपालिकामा रहेको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लमजुङमा निमित्त प्रमुख सूर्यप्रसाद शर्माका भरमा कार्यालय चल्दै आएको छ । सरकारले दरबन्दीअनुसार पर्याप्त कर्मचारी नपठाउँदा दरबन्दीअनुसार सात जना हुनुपर्ने भए पनि नेपाल सरकारको राजपत्र अङ्गीकृत तृतीया श्रेणीका शर्माको भरमा लामो समयदेखि यस कार्यालय सञ्चालन हुँदै आएको हो ।

सात जनाको दरबन्दी भए पनि दरबन्दीअनुसार जम्मा एक जना मात्र यस कार्यालयमा कर्मचारी रहेको छ । दरबन्दीअनुसार राजपत्र अङ्गीकृत दोस्रो तह अर्थात् कार्यालय प्रमुख नै रिक्त रहेको छ ।

त्यस्तै लेखा अधिकृत, इञ्जिनीयर, सव इञ्जिनीयर, नायब सुब्बा र लेखापाल पद रिक्त रहेको निमित्त कार्यालय प्रमुख शर्माले बताउनुभयो । उहाँका अनुसार करारमा नौ जना हुनुपर्नेमा हाल सात जना रहेको र दुई जनाको पद रिक्त रहेको छ । करारमा रहेका कर्मचारीमा इञ्जिनीयर शैलेन्द्रकुमार चौधरी, सव इञ्जिनीयर ललितकुमार शाह, कम्प्युटर अपरेटर विनायक दवाडी र निलम श्रेष्ठ, सामाजिक परिचालक सपना गुरुङ, हल्का सवारी चालक विकास पौडेल र कार्यालय सहयोगी सरिता गुरुङ रहेको उक्त कार्यालयले जनाएको छ ।

त्यस्तै करारतर्फ एक जना सव इञ्जिनीयर, एक जना कार्यालय सहयोगी गरी दुई जना खाली रहेको छ । यसरी कार्यालयमा कर्मचारी अभाव हुँदा कर्मचारीलाई काम गर्नका लागि समस्या हुनुका साथै सेवाग्राही तथा भूकम्पपीडितले समयमै सेवा लिन सकेका छैनन् ।

निमित्त कार्यालय प्रमुख शर्माले भन्नुभयो, "कर्मचारी अभाव भए पनि जसोतसो काम गर्दै आइरहेका छौँ, अरु दिनमा त काम गर्छौं नै बिदाको समयमा समेत काम गरिरहेका छौँ ।" कार्यालयमा भन्दा बढी फिल्डमा समस्या भइरहेको उहाँको भनाइ छ । यस जिल्ला भौगोलिक विकटता र कर्मचारी कम हुँदा भूकम्पपीडितको घर निरीक्षणमा ढिलाइ, किस्ता सिफारिसमा ढिलाइ, सामाजिक परिचालनमा ढिलाइ भइरहँदा विभिन्न समस्य उत्पन्न भइरहेको यस कार्यालयका निमित्त कार्यालय प्रमुख शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले सम्बन्धित निकायमा हाम्रो समस्या र कर्मचारी अभावबारे जानकारी गराउँदै आए पनि कार्यान्वयन भएको छैन । समयमै किस्ता नपाउँदा भूकम्पपीडित निराश बनेका छन् । विसं २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्प आज छ वर्ष पूरा हुँदैछ । तर भूकम्पपीडितले आफ्नो निजी आवास पुनःनिर्माणमा यस अवधिमा विभिन्न समस्या झेल्न बाध्य भइरहेको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लमजुङमा दुई वर्षअघिदेखि नै दरबन्दीअनुसारका कर्मचारी छैनन् । जिल्लामा भूकम्पले लमजुङमा १४ हजार ६४९ जनाको निजी आवास पूर्ण क्षति पुऱ्याएको छ । यसमध्ये हालसम्म नौ हजार ९६ जनाले निजी आवास पुनःनिर्माण कार्य सम्पन्न गरेको छ । जिल्लामा रहेको कूल लाभग्राहीमध्ये १४ हजार ४० जनाले पहिलो किस्ता लिएका छन् । त्यस्तै ११ हजार ७४९ जनाले दोस्रो किस्ता लिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) कार्यालय लमजुङले जनाएको छ । त्यस्तै प्रवलीकरणतर्फ जिल्लामा ८९४ मध्ये ८७ जनाले पहिलो किस्ता र दुई जनाले दोस्रो तथा अन्तिम किस्ता लिएका छन् । पहिलो किस्ताबापतको रु ५० हजार लिएर घर नबनाएका भूकम्पपीडितमध्ये २२ जनाले रु ५०/५० हजार रकम फिर्ता गरेको छ भने, दोस्रो किस्ता रु एक लाख ५० रुपैयाँ लिएका दुई जना भूकम्पपीडितले सो रकम फिर्ता गरेको उक्त कार्यालयले जनाएको छ ।

# बागलुङ पर्यटन गुरुयोजना : ढोरपाटन शिकार आरक्षदेखि घुम्टेको लेक

–रामबहादुर थापा
**बागलुङ, १२ बैशाख (रासस)**

जिल्लाको पर्यटन गुरुयोजना निर्माण अलपत्र परेको छ । पर्यटन विकासका लागि गुरुयोजना बनाउने पहल फेरी तुहिएको छ । बागलुङ पर्यटन विकास समितिले दुई वर्षअघि गुरुयोजनाको काम थालेको थियो ।

समितिले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा पेश गरेको गुरुयोजनाको प्रस्तावपत्रसमेत यसै थन्किएको छ । गुरुयोजनामार्फत पर्यटन क्षेत्रको व्यवस्थित विकासको अपेक्षा गरेका व्यवसायी निराश बनेका छन् ।

पर्यटन विकासको चर्को बहस शुरु भए पनि यतीका वर्षसम्म यहाँको पर्यटन गुरुयोजनासमेत बन्न सकेको छैन । गुरुयोजना नुहँदा पर्यटन क्षेत्रमा बजेट र कार्यक्रम ल्याउन सहज छैन । पर्यटनसँग सरोकार भएका पक्ष गुरुयोजना निर्माणमा पटक-पटक असफल देखिएका छन् । मन्त्रालयबाट प्रतिबद्धतानुसार बजेट नछुट्टिएपछि गुरुयोजना निर्माणले गति लिन नसकेको समितिका अध्यक्ष राजु खड्काले बताउनुभयो । "राज्यका संयन्त्र नतातेसम्म नहुँदो रहेछ, हामीले सक्दो पहल गऱ्यौं, मन्त्रालय पनि धार्यौं, तर बजेट नै नआएपछि काम अघि बढ्न सकेन", उहाँले भन्नुभयो । समिति समन्वयकारी र सामाजिक हैसियतको संस्था भएकाले आफैं लगानी गर्न सक्नेस्थिति नरहेको अध्यक्ष खड्काले स्पष्ट पार्नुभयो । समितिले गुरुयोजनासँगै जिल्लाको पर्यटन क्षेत्रको वस्तुगत अवस्था झल्काउने वृत्तचित्र (प्रोफाइल) निर्माणको तयारी पनि अघि बढाएको थियो । समितिले विसं २०७६ जेठमा गुरुयोजना र वृत्तचित्र दुवैको प्रस्तावपत्र पर्यटनमन्त्री विकास लम्साललाई बुझाएको थियो । त्यसअघि विसं २०७५ फागुनमा मन्त्री लम्सालको उपस्थितिमा पर्यटन गुरुयोजना निर्माणबारे सदरमुकाममा बहत् अन्तरक्रिया गरिएको थियो । सो अवसरमा समेत मन्त्री लम्सालले गुरुयोजनाका लागि बजेट उपलब्ध गराउने आश्वासन दिनुभएको थियो । जिल्लाको पर्यटन विकासको भावी खाका र योजना समेटेर बन्ने गुरुयोजनामा टेकेर निजी र सार्वजनिक क्षेत्रले लगानी भित्र्याउने विश्वास लिइएको थियो । पन्ध्र वर्षसम्मको कार्ययोजना गुरुयोजनामा समावेश गरेर जिल्लाको पर्यटनलाई व्यावसायिकरुपमा उठाउने समितिको लक्ष्यमा तत्काललाई ठेस लागे पनि गुरुयोजना निर्माणको पहल पुनःथालिने अध्यक्ष खड्काले बताउनुभयो । विज्ञ, पर्यटन व्यवसायी, सरकारी संयन्त्रदेखि सरोकार भएका पक्षसँगको सहकार्य र समन्वयलाई निरन्तरता दिइने भएको छ । गुरुयोजना तयारीकै लागि शुरु गरिएको जिल्लाका पर्यटकीय गन्तव्यस्थलको वस्तुगत विवरण सङ्कलनबीचमै रोकिएको छ । कोरोना महामारीले सिर्जित सङ्कटका कारण पनि सोचे जसरी काम गर्न नसकिएको समितिले जनाएको छ । बागलुङलाई पर्यटकीय जिल्लाका रुपमा घोषणा गर्न समितिले सरकारसमक्ष माग गर्दै आएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तीन वर्षअघि समिति गठन गरिएको थियो । त्यसअघि एकीकृत ढङ्गले पर्यटनको काम गर्ने संस्थाको समेत अभाव थियो । समितिले धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण तथा पुनःनिर्माणमा समन्वयकारी भूमिका खेल्दै आएको छ ।

पर्यटन क्षेत्रको दिगो र एकीकृत विकासका लागि गुरुयोजना अपरिहार्य रहेको गलकोट घुम्टे पर्यटन विकास केन्द्रका अध्यक्ष झङ्कबहादुर बस्नेतले बताउनुभयो । उहाँले पर्यटन क्षेत्रमा राज्यको लगानी बढ्दै गए पनि व्यवस्थित विकास खड्कीरहको औंल्याउनुभयो । "पर्यटनका नाममा वर्षेनी बजेट आइरहेको छ, पूर्वाधार पनि बनीरहेका छन् तर जिल्लाको पर्यटनको समग्र विकासको योजना छैन, कतै पूर्वाधार छ, राम्रो गन्तव्यस्थल छैन, कतै गन्तव्यस्थल छ, पूर्वाधार छैन", उहाँले भन्नुभयो । अध्यक्ष बस्नेतले स्थानीय तहले पनि आफ्नो छुट्टै गुरुयोजना बनाएर पर्यटनमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

पर्यटन विकासको प्रचुर सम्भावना भएर पनि योजना, लगानी, पूर्वाधार र प्रचारप्रसार अभावमा बागलुङ ओझेलमा छ । सङ्घ, प्रदेश र स्थानीय सरकारले पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा बजेट खर्चिए पनि त्यसले यथोचित प्रतिफल दिन सकेको छैन । ढोरपाटन शिकार आरक्ष, कालिका भगवती मन्दिर, पञ्चकोट, मूर्तिकला सङ्गहालय, गलकोट दरबार, गाईघाट झरना, भकुण्डे, घुम्टेको लेक, भैरवस्थान मन्दिर, गाजाको दह आदि यहाँका प्रमुख गन्तव्यस्थल हुन् ।

# प्रविधिको प्रयोग गर्न चिकित्सक र अस्पताललाई प्रधानमन्त्री मोदीको आग्रह

रासस
**काठमाडौं, १२ बैशाख**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रविधिको प्रयोग अधिकतम गरेर सेवा सञ्चालन गर्न स्वास्थ्यकर्मी र अस्पताललाई आग्रह गर्नुभएको छ ।

"मन की बात" नामक रेडियो कार्यक्रमको ७६औँ शृङ्खलामा बोल्ने क्रममा उहाँले स्वास्थ्यकर्मीले सूचना र प्रविधिको प्रयोग गरेर स्वास्थ्य सेवा दिन सकेमा कोरोनाभाइरस विरुद्धको लडाईं प्रभावकारी हुने बताउनुभयो । प्रविधिको प्रयोग गरेर विशेषगरी कोरोनाभाइरससम्बन्धी सल्लाह दिने, सेवा सुविधाका बारेमा बताउने, सचेतना जगाउने लगायतका कार्य गर्नु उपयुक्त हुने उहाँको भनाइ थियो । "स्वास्थ्यकर्मी नै कोरोनाभाइरस विरुद्धको अग्रपङ्क्तिका लडाका हुन्, उनीहरुले नै यसमा धेरै खट्नु र सहयोग गर्नुपर्दछ," उहाँले भन्नुभएको छ । स्वास्थ्यकर्मीका विभिन्न अनुभव अहिले सबैका लागि उपयोगी हुने प्रधानमन्त्री मोदीले बताउनुभयो । विज्ञको सुझाव, सल्लाह यतिबेला अति महत्वपूर्ण हुने भएकाले उहाँहरुले प्रविधिमार्फत आफ्नो ज्ञान बाँडिरहनु पर्नेमा उहाँले जोड दिनुभयो । कोरोनाभाइरसबाट धेरै प्रभावित भएको भारतमा अहिले दैनिक झण्डै साढे तीन लाख मानिस सङ्क्रमित हुने गरेका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४९ हजार ६९१ जना सङ्क्रमित भएका छन् । त्यसैगरी सोही अवधिमा भारतभरी गरेर कुल दुई हजार ७६७ जनाको कोरोनाकै कारणले मृत्यु भएको छ ।

# कोभिडका बीच संसदीय समितिले अनुगमन गर्ने

रासस
**काठमाडौं, १२ बैशाख**

मुलुकमा कोभिड-१९ सङ्क्रमण फैलिरहेका बेला जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा संसदीय समितिले अनुगमन गर्ने भएको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकले कोभिड-१९ नियन्त्रण कार्यक्रमको प्रभावकारीतासँगै सुशासन र अन्य जनजीवनमा प्रभाव पार्ने विषयमा अनुगमन हुने समिति सभापति शशी श्रेष्ठले जानकारी दिनुभयो ।

"अहिलेको जटिल परिस्थितिमा हामी पन्छिन मिल्दैन, आवश्यक मापदण्ड अपनाएर जनतालाई अभिभावक छ भन्ने अनुभूति गराउनुपर्छ", बैठकको निष्कर्षबारे बताउँदै श्रेष्ठले थप्नुभयो, "कोभिडका बेलामा कृत्रिम अभाव सिर्जना गर्ने, मिति सकिएका सामग्री बिक्री गर्ने, कालाबजारी गर्ने महङ्गी बढाउने लगायतका विषयमा अनुगमन गर्छौं ।"

यसपटक मुख्यगरी काठमाडौं उपत्यका र आसपासका क्षेत्रबाट अनुगमन शुरु हुने उहाँले जानकारी दिनुभयो ।